D.A.O. Kathmandu Regd. No.: 451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly Magazine

Complimentary for School Children

वर्ष-४, अंक-१०

Sept/Oct 2017





पशुपतिक्षेत्रमा बाँदरका वेदना



श्रीपुरानो गुह्येश्वरी मा.वि., गोलढुंगा विशेष

पशुपतिक्षेत्रको वातावरण



एघार वर्षअघिको भण्डारखालमा बाँदर



हालको भण्डारखाल कंक्रीट बन्दै



भण्डारखालभित्र निर्मित कंक्रिट बाटो



पशुपति क्षेत्रमा बाँदरलाई खान दिँदै



पशुपति क्षेत्रमा प्रदूषित पानी खाँदै बाँदर



भण्डारखाल क्षेत्रमा मृत भेटिएको बाँदर पुरिँदै





✍ सम्पादकको कलम

पशुपतिक्षेत्रमा बाँदरका वेदना

पशुपति विकास क्षेत्रमा पर्ने भण्डारखाल बर्गैचाको नजिकै बस्नुहुने शङ्कर प्रसाद आचार्य विगत २०-३० वर्ष अगाडिको कुरा सम्झँदै भन्नुहुन्छ- "उसबेला यो क्षेत्र वरीपरी बदाम, सुन्तला बेच्ने, घाम ताप्ने, घरका छत-छतमा बिस्कुन, अचार सुकाउँदा पनि बाँदरले दुःख दिँदैनथ्यो । आजभोलि घरका कोठा अनि छतमा आएर दुःख दिन थालेका छन् । कतिपटक आफैँलाई चिथोरी पनि सक्यो । रेबिज बिरुद्ध सुइ पनि लिएको छु । पहिला हरियाली जङ्गल भएको भण्डारखाल भित्र बाँदर रमाएर बसेका हुन्थे । विभिन्न चराचुरुङ्गीहरूको आगमनले समेत आकर्षक हुन्थ्यो । अहिले आफ्नै घरमा बाँदरको रुँगालो बस्नु परेको छ । बाँदरले दुःख दिएको भन्दै पशुपति विकासमा विभिन्न उजुरी लिएर स्थानीय गएका छन् । पशुपति विकास कोष र सरकारलाई बाँदर नियन्त्रण गर भनेर सर्वोच्चमा मुद्दा समेत परेको सुन्दछु ।"

काठमाडौँका तरकारी व्यवसायी बाबुलाल शाह विगत ७ वर्षदेखि महिनाको २, ३ पटक सिजन अनुसारको फलफूल बाँदरलाइ खुवाउन रुचाउनुहुन्छ । उहाँले गाजर, स्याउ, केरा जस्ता चिजबिज खुवाउनुहुन्छ । उहाँले यो वर्ष बाँदर निकै रोगी भएका, आफूले दिएको फलफूल, तरकारी समेत मन लगाएर खान छोडेको तथा दिनहुँ बाँदर मर्दै गई संख्या निकै घटेको दुःख व्यक्त गर्नुभयो । त्यस्तै ३, ४ वर्षदेखि यस क्षेत्रका बाँदरका आनीबानी, व्यहोराबारे नजिकैबाट अध्ययन गर्दै आउनु भएका बाबुकाजी वस्नेत बाँदर विभिन्न रोगले ग्रस्त भएको कुरा बताउनुहुन्छ । उहाँका अनुसार पिसावबाट रगत नै बग्न थालेको, मरेका बाँदरले वातावरण दुर्गन्धित हुन थालेका दुःखद् घटनाहरू पाइन थालिएको छ । उहाँका अनुसार यस्ता घटनाहरू मानवीय त्रुटीबाटै हुने गरेका छन् । हुँदाहुँदा भण्डारखालको हरियाली सुन्दरता नष्ट गरेर बाँदर मात्र होइन विभिन्न चराचुरुङ्गीको बासस्थान नै नष्ट भएकाले यी प्राणीहरूमा प्रत्यक्ष असर परेको उहाँले पोख्नुभयो । उँहा थप्नु हुन्छ, जुनसुकै समयमा जथाभावी मानवीय खानेकुरा दिँदा, पोषणतत्व रहित आँटो (पिठो) खुवाएर समेत यी निर्दोष प्राणीहरूको स्वास्थ्यमा नकारात्मक तथा गम्भीर असर पर्दै गएको हो । वस्नेत भन्नुहुन्छ, "तरकारी बजारमा जब फलफूल या त तरकारी कुहिन थाल्छ वा भाउ घट्छ अनि एकै पटक ३०० के.जि. सम्मका सामान यो क्षेत्रमा ल्याएर बाँदरलाई खुवाउने प्रतिस्पर्धा नै चल्छ ।" अर्को पक्ष यिनीहरूको बासस्थान गुमेका व्यथा, विवस भएर प्रदूषित पानी खानुपरेको अवस्था, प्रदूषित पानीमा नुहाउन बाध्य भएका विषयमा कसैको ध्यान पुग्दैन । वस्नेतले एउटा रोचक विषयवस्तुलाई उठाउनुभयो,

LVDI INTERNATIONAL

Chief Editor	: Madhav Paudyal	**Editor**	: Bishwanath Rijal
Associate Editor	: Ramesh Bhattarai Thaneshwor Pd. Basyal Satchit Ghimire Shashi Sharma	**School co-ordinator** **Photo**	: Rameshwor Neupane : Green Guard
Reporter	: Biraj Pun Hem Magar	**Design & Layout** **Printed at**	: Jagadish Baskota : GPC, Dillibazar

Office: Anamnagar, Kathmandu, Mobile: 9808244120, E-mail: greenguard2016@gmail.com



स्वयम्भूनाथमा खुला ठाउँमा बाँदरहरु रमाएको देख्दा अचम्ममा परेकी थिएँ। किनकि, अमेरिकामा चिडियाघरमा मात्र बाँदर भेटिन्छन्। त्यसबेला मलाई बाँदरहरुको पनि छुट्टै व्यक्तित्व रहेछ भन्ने महशुस भएको थियो।

I went to Swayambhu and I recall the monkeys, which for most Americans is an unusual experience as they often see them only in a zoo. To see them out and about with very distinct personalities struck me at that time.

– Honb. Alaina B Teplitz
United States' Ambassador to Nepal

"यहाँका कुकुर र बाँदरका बिचमा कति सुमधुर सम्बन्ध छ । सायद तिनीहरूको एक अर्कामा हुने सहयोगी भावना अन्यत्र देखिँदैन । बाँदरको बच्चाले कुकुरनीको दूध चुसिरहेका दृश्यले सायद आजका मानिसलाई गिज्याइरहेको भैँ लाग्छ । मानिस त विभेदको सोचले स्वार्थको पोको काँधमा भिरेर दौडेको छ तर ती दुई प्राणी मिलेर खेलेका अनि एक अर्काले माया साटासाट गर्दागर्दै यौन सम्बन्धका लागि समेत प्रयासरत भएका दृश्य सम्भवतः अचम्मको विषय बन्ला (अध्ययन कै क्रममा यस स्तम्भकारले समेत उक्त दृश्यलाई आफ्नो क्यामेरामा कैद गरेका छन् ।)"

स्थानीय रमेश श्रेष्ठ पशुपति क्षेत्रका बाँदरमा देखिने मातृवात्सल्य अनि सामाजिकतालाई गहन तरिकाले नियाल्नुहुन्छ । यहाँको क्षेत्र अध्ययन एवम् दृश्यावलोकनको लागि आकर्षण भएको कुरामा उहाँले जोड दिनुभयो । यस क्षेत्रमा अन्यत्रबाट ल्याई छोडिएका बाँदरले दुःख दिन थालेको उहाँको गुनासो छ । छोडिएको बाँदरमा भिन्न प्रकृति हुने उनको विचार छ, प्रसङ्गमा उहाँ सम्झनुहुन्छ, झण्डै १२ वर्ष अगाडि जयबागेश्वरीको एउटा घरलाई बाँदरको बथानले कब्जामा लिई आफ्नो बासस्थान बनाएको । जुन घरलाई प्रहरी प्रशासन लगाएर नै खाली गर्नु परेको उहाँ बताउनुहुन्छ ।

प्राकृतिक खानेकुराको अभाव, जङ्गल मासिँदै जानु, प्रतिस्पर्धात्मक रुपमा बजारका विषादीयुक्त फलफूल, तरकारी एवम प्रदूषित पानीमा बाँदरले जीवन गुजार्नु पर्दा उनीहरूको आनीबानी परिवर्तन भई यी समस्या आएको कुरालाई प्रष्ट पार्दै पशुपति विकास कोषका एक कर्मचारी (नाम प्रकाशित नगर्ने सर्तमा) ले बताउनुभयो । पहिले-पहिले "सत्बिउ छर्ने" समयताका मात्र बाँदरमा प्रजनन क्रिया देखिन्थ्यो तर आजभोलि जुनसुकै समयमा पनि देख्न सकिन्छ । यस क्षेत्रका बाँदरहरूले ३ वटा नभए २ वटासम्म बच्चा जन्माएका, उमेर नै नपुगी गर्भवती भएका तथा गर्भवती भएकै भोलिपल्टदेखि प्रजननमा सक्रिय भएको देखिने कुरालाई उहाँले प्रष्ट्याउनुभयो ।

विगत ३० वर्षदेखि बाँदरलाई तयारी खाना खुवाउँदै आउनुभएका गणेश मैनाली र श्यामकृष्ण भट्टराई जङ्गलमा धुलो मैलो मात्र भएको, प्राकृतिक खानाको अभाव भएकै कारण दाताहरूबाट सहयोग जुटाएर भगवान् रामका दुतहरूलाई सेवा गर्दै आएको बताउनु हुन्छ । ७० वर्षका श्याम कृष्ण भट्टराई बाँदरका विभिन्न बानीबेहोराप्रति जानकार हुनुहुन्छ । कतिपय बानीबेहोरा त हामी मानिसका लागि प्रेरणाका स्रोत





बन्छन् । यिनीहरूले आफ्ना परिवारका सदस्यको मृत्यु हुँदा गर्ने शोक व्यक्त गर्ने कुरा वास्तवमै करुणादायी हुन्छ । महादेवले शतीदेवीको मृत शरीर पतन नहुन्जेलसम्म बोकेझैं बाँदरले पनि कुहिएर नझरुञ्जेलसम्म बोकेर हिँड्ने रहस्यलाई उहाँले नियालनुभएको अनुभव सुनाउनुभयो । बाँदरलाई खुवाउने क्रममा आफूलाई कैयौं पटक चिथोरेको, टोकेको छ तर आजसम्म कुनै सुई र औषधी पनि नलगाएको उहाँको कुरा अर्को अचम्मको विषय बनेको छ । बाँदरप्रति आगाध माया राख्ने मैनालीका अनुसार मानवीय कारणले नै यस्ता समस्या बनेको दुखेसो पोख्नुहुन्छ । प्रभातकालीन समयमा आफ्नो घरपालुवा कुकुर साथमा ल्याउने अनि बाँदरमाथि झम्टन लगाउने, जिस्क्याउने गर्नाले उनीहरू आक्रामक बन्ने गरेको तथ्य उहाँको रहेको छ । कतिपयले बाँदरलाई जिस्काउने तथा गुलेलीले, लठ्ठीले हिर्काउने गर्दा समेत यी बाँदरको स्वभावमा आक्रामक खाले परिवर्तन आउन थालेको कुराप्रति मैनाली गुनासो गर्नुहुन्छ ।

विश्वसम्पदा सूचीमा सूचीकृत पशुपति विकास क्षेत्र भित्रका वन मासिँदै मानव हिँड्ने बाटो बनाउनु, भण्डारखाल बगैंचा कृत्रिम रुपमा कङ्क्रिटमा परिणत हुनु, बाग्मती प्रदूषित हुनु अर्थात् स्वच्छ खानेपानीको अभाव हुनु जस्ता समस्याले तिनको जीवन गुजार्ने आधारमा अवरोध पुग्दै गएको स्पष्ट छ । प्राकृतिक खाना नष्ट भई मानव निर्मित खानामा भर पर्नु, दाताबाट प्राप्त खाना तथा फलफूल पोषण र विषादीरहित छ, छैन भन्ने कुरामा चासो नदेखाइनु, दाताले दिने खानेकुराको समय र मात्राप्रति वास्ता नगरिनु, विभिन्न धार्मिक उत्सव, समारोहपछि फोहोरको व्यवस्थापनमा ध्यान नदिनु, बाँदरप्रति अवहेलना गरी गुलेली, ढुङ्गा, लाठी तथा घरपालुवा कुकुर प्रयोग गर्नु, बाँदर नियन्त्रण गर्ने नाममा अवैज्ञानिक तरिकाले विद्युतीय तारबार प्रयोग गर्नु, कतिपय ठाउँमा कुकुर तथा बाँदरलाई बिरुप बनाएर छोड्नु, अन्यत्रबाट बाँदर ल्याई यो क्षेत्रमा छोडिनु जस्ता विविध मानवका व्यवहारले जटिलता चुलिएको छ । आवश्यकता भन्दा बढी पोषणतत्व या त विषादीयुक्त खाद्यपदार्थका कारण बाँदरको हर्मोनमा परिवर्तन भई प्रजनन स्वास्थ्यमा समेत एक रुपता नरहेको अध्ययनमा पाइन्छ । त्यति मात्र नभई भुइँचालोपछि बाँदरको बासस्थानमा धेरै अवरोध पुगेको भान हुन्छ । मरेका, रोगी बाँदरको समयमा नै उचित व्यवस्थापन एंव उद्धार नहुँदा पशुपति क्षेत्रको आकर्षणमा समेत असर परेको स्पष्टै देखिन्छ । सर्वश्रेष्ठ प्राणी मानिसको दायित्व त सबै प्राणीको हित सोच्नु पनि त हो तर मानवकै कारण बाँदरका बानीबेहोरा र बासस्थानमा अवरोध पुऱ्याइएको देखिन्छ ।



पशुपति क्षेत्रबाट बाँदरको उद्धार गरिँदै ।



११ वर्षअघि पशुपतिक्षेत्रमा बाँदर रमाउँदै ।

वातावरण शिक्षाको महत्व



शिक्षकः रामेश्वर न्यौपाने
पुरानो गुह्वेश्वरी मा.वि., गोलढुंगा

हामी मानवले सम्पूर्ण वातावरणीय प्रतिकुलताको जिम्मेवारी लिनुपर्छ । किनभने मानिसहरुले यो संसारको सम्पूर्ण प्राकृतिक श्रोतको अधिकतम प्रयोग गरी आफ्नो स्वार्थ पुर्ती गर्ने कार्य गर्दछन् । मानिसहरुले सम्पूर्ण जैविक र भौतिक वातावरणीय पक्षहरुको अधिकतम प्रयोग गरि आर्थिक, भौतिक लगायत पक्षमा सम्वृद्धी हासिल गरेका छन् । आज यो संसारमा भएका अनेकन परिर्वतनको मुख्य श्रोत नै प्राकृतिक श्रोतहरु हुन् । वातावरण शिक्षालाई सामान्य विषयका रुपमा लिएता पनि यो वृहत विषय हो । यसको सम्वन्ध, स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, अर्थशास्त्र, जीव विज्ञान, मनोविज्ञान, गृहविज्ञान, जैविकपक्ष, भौतिक पक्ष आदि, विविध विषयसँग यसको घनिष्ट सम्बन्ध रहेको छ । यो संसारमा जे, जति आधुनिक यन्त्र, भौतिक साधनहरु तथा मानव जीवनलाई सरल बनाउने वस्तुहरुको उत्पादन भएका छन् ती सवैको मुख्य श्रोत नै प्राकृतिक श्रोत हो ।

वातावरण शिक्षाको वारेमा ज्ञान हासिल गरेर पनि हामी मानव जातीले अनन्त, नविकरणीय, अनविकरणीय प्राकृतिक श्रोतको अविवेकी किसिमले प्रयोग गरिरहेका छौं । अनविकरणीय श्रोत जसको आवश्यकता भन्दा बढी प्रयोग गरिरहेका छौं । उर्जाको वैकल्पिक श्रोतको खोजिमा हामी छैनौं । हाल विद्यमान उर्जाको श्रोत काठ, दाउरा, खनिज पदार्थको प्रयोग अधिकतम गरि यसको संरक्षणमा ध्यान दिएका छैनौं । त्यसैले यो संसारमा आज जलवायु परिर्वतन, ओजन तह विनाश, विभिन्न किसिमका प्रदूषण निम्त्याइरहेका छौं । यी सवै समस्याहरुको समाधान गर्न वातावरणीय शिक्षाको अति आवश्यक्ता महसुस भै रहेको छ । जसको कारण सापेक्ष र निरपेक्ष वातावरण संरक्षण सिद्धान्तको प्रयोग गरि जैविक विविधता संरक्षण, पारिस्थितीक पद्धतीको संरक्षण, उर्जाको बैकल्पिक श्रोतको खोजि अनविकरणीय श्रोतको उचित प्रयोग, व्यवस्थित शहरीकरण तथा औद्योगिकरण जस्ता विषयमा जानकारी सबै मानवलाई दिन सकिन्छ भन्ने कुरा वातावरण शिक्षा वाट प्राप्त गर्न सकिन्छ । ढलको उचित व्यवस्था, फोहोरमैला व्यवस्थापन, घर, विद्यालय वरपरको वातावरणीय सरसफाई, उद्योग कलकारखाना, अस्पताल लगाएतका फोहोर मैलाको उत्पादन गर्ने श्रोत र त्यसको उचित व्यवस्थापन गरि स्वस्थ नागरिक तयारपार्नु, व्यक्ति, परिवार, समुदाय, राष्ट्र र विश्वमा देखिएका वातावरणीय असन्तुलनहरु पहिचान गरि त्यसको व्यवस्थापन गर्न हरेक व्यक्तीहरुलाई जनचेतना अभिवृद्धि गरि जीवहरुको साझा घर यो पृथ्वीको स्याहार गर्ने मानवजाती लगायत सम्पूर्ण जैविक विविधता संरक्षण गर्न सहयोग पुऱ्याउनु वातावरण शिक्षाको मुख्य लक्ष्य हो । साथै यस संसारमा रहेका सम्पूर्ण जैविक पक्ष र हावा, पानी, जमिन, खनिज पदार्थ लगायतका भौतिक पक्षहरुको समग्ररुपनै वातावरण हो ।

कविता



✍ राजाराम खनाल कक्षा-९

मेरो देश नेपाल

प्रकृतिको सिर्जनामा नौलो रुप भाषा भेष,
प्राणभन्दा प्यारो लाग्छ मलाई सुन्दर मेरो देश ।
सगरमाथा काधमा राखी हाँस्छ नेपाल सधै,
नेपाल राम्रो बनाउने सुन्दरता छन् अझैं ॥

शान्तिको बाटो देखाउने मार्गदर्शन मेरो देश,
लालीगुराँस फुलिरहने मेरो नेपाल प्यारो देश ।
सुन्दरताको काखमा सारा जन्तु लोलाउँछ,
डाँफे चरी छमछम नाच्छे सधै मलाई बोलाउँछ ॥

मेचीदेखी महाकालीसम्म फैलिएको नेपाल,
कति राम्रो मिलेको तराई, पहाड हिमाल ।
चार वर्ण छत्तिस जातको फुलबारी हाम्रो,
प्रकृतिको धुनमा रमाउने नेपाल कति राम्रो ॥

हरेक दुःख कस्ट गरी देश राम्रो पारेको,
यही हो देशको पहिचान पुर्खाले छाडेको ।
नेपाल कति सुन्दर हेर, कति राम्रो गाउँ,
रक्षा गरौं नेपालको जोगाउँ है नाउँ ॥

प्रकृतिको वरदान पाउने मेरो देश धनी,
लड्छु सधै देश बनाउन भविष्यमा म पनि ।
सधैभरी अमर बनीरहोस मेरो मातृभूमी,
देशको झण्डा नझुकोस कहील्यै म मरे पनि ॥



✍ सुरज तामाङ, कक्षा-७

वातावरण

मानिस बस्ने घर हो भने, जनावरहरुको जङ्गल हो । मानिसहरु आफ्नो लागि मात्र सोचेर वन तथा वातावरण फोहोर/नाश गर्छन् । भन्न त मानिसहरु आफै भन्दछन् कि "मानिस चेतनशिल प्राणी हो । तर उनीहरु आफै नराम्रो काम गर्छन् । मानिस चेतनसिल प्राणी भएको भए उनीहरुले वन वा वातावरण फोहोर गर्दैनथ्यो होला । उनीहरुले आफ्नो मात्र नभई अरुको पनि भलाई सोच्थ्यो होला र मानिस चेतनसिल प्राणी भएको भए उनीहरुले वातावरण वा जङ्गल फोहोर गर्दैनथ्यो होला । वनमा धेरै प्रकारका जनावरहरु बस्छन् । उनीहरुलाई बाच्ने अधिकार छ, अनि हामीले उनीहरुको अधिकार खोस्नु हुदैन भन्ने सोच मानिसमा हुनुपर्दछ । हामीले वातावरण फोहोर गर्नु हुदैन । वातावरण फोहोर भयो भने हामीलाई नै असर हुन्छ र विभिन्न कारणका रोगहरु लाग्छन् । अन्य देशबाट हाम्रो देश घुम्न आउने पर्यटनहरुले पनि हाम्रो देशलाई फोहोरी भन्छन् । त्यसैले हामीले आजै देखि चेतनसिल भएर वातावरण वा वन फोहोर गर्नु हुदैन । आफु बसेको ठाउँ वरिपरि फोहोर छ भने त्यसलाई उठाएर फोहोर उचित ठाउमा व्यवस्थापन गर्नु पर्दछ ।

लघुकथा



✍ दिपा गिरी कक्षा-६

एका देशमा एउटा ठुलो गाउँ थियो । गाउँ वरिपरी हरीयाली बन जङ्गल पनि थियो । वन जङ्गल वरीपरी राम्रो पनि थियो । वरिपरी घर पनि थियो । त्यहाँ वातावरण राम्रो र सफा पनि थियो । त्यहाँ वरिपरी सबै ठाउँमा फोहोर पनि थिएन । राम्रो पनि थियो त्यहाँ वरिपरी घर भएपनि सफा र सुघर थियो । वातावरण भने हरियाली र राम्रो थियो । हरियाली वातावरण वनजङ्गल राम्रो छ । त्यसले गर्दा हाम्रो जिवन स्वच्छ रहने छ । हरियाली वातावरण स्वच्छ रहनेछ जिवन त्यसैले गर्दा फेरिन्छ मुहार ।



कृष्णसारका जोडी

कविता



✍ विनिता सुवेदी, कक्षा-९

वातावरण संरक्षण



वातावरणले गर्दा मानिसको उत्पत्ति
यही नै हो मानिसको सवै भन्दा ठुलो सम्पत्ति
यहाँ रहेका खानी, पानी र हावा अनि
छाँगा र छहराको के कुरा
यही रमाएर लाखौं युगसम्म छ संसार हेर्नु
गर्छ वातावरणले मानिसको रक्षा
त्यसैले सवैलाई प्रदुषण रोक्न दिनुपर्छ शिक्षा
हाम्रो देश नेपाल सुन्दरताको धनी
यहीवाट प्राप्त गर्न सकिन्छ लाखौं आम्दानी
जतातै भएको छ धुँवाधुलोले सास्ती
वढ्दै गएको छ नेपालमा सवैतिर वस्ति
देशको विकास तब हुन्छ
जव मानिस स्वस्थ्य हुन्छ
मानिस स्वस्थ्य तब हुन्छ
जब वातावरण स्वच्छ हुन्छ
एकजना मात्रै होइन
लाखौं मानिस उठ्नुपर्छ
वातावरण जोगाउन सवै सँगै जुट्नुपर्छ ।

विचार



✍ सविना पोखेल, कक्षा-९

वन र वनजन्तुको सम्बन्ध

हामी मानिसहरुमा जस्तो नङ र मासुको सम्बन्ध हुन्छ । त्यस्तै वन र जन्तुको पनी घनिष्ट सम्बन्ध हुन्छ । वातावरण बिना मानिस रहन सक्दैन । समाजबिना जसरी एउटा मानिस रहन सक्दैन त्यसरी नै वनजंङ्गल बिना जीवजन्तुहरु पनि रहन सक्दैन । वनजन्तुको संरक्षण गरेर हामीलाई धेरै फाइदा हुन्छ । वातावरण संरक्षण गरेर हामीले सभ्य नागरीकको परिचय दिनु पर्छ । कुनै मानिसले आफ्नो वरपर रहेको रुख बिरुवा फडानी गरेमा उसलाई वन जङ्गल संरक्षण गर्ने उपायहरु दिनुपर्छ । मानिसले नै वनजङ्गल फडानी गर्यौं भने वन्यजन्तुहरुको बासस्थान रहँदैन । बासस्थान नरहे पछि जीवजन्तुहरु कहाँ बस्छन्, कसरी बाच्दछन् जबकी उनीहरुको गाँस, बाँस र कपासको लागी कुनै स्थान नै छैन भने उनीहरु बाच्न सक्दैनन् । "नेपाली हामी रहुला कँहा नेपाल नरहे" भने जस्तै जीवजन्तुहरु बस्लान कहाँ वातावरण नै नरहे । त्यसैले आफु पनि बाचौं, वातावरण संरक्षण गर्यौं र जीवजन्तु पनी जोगाऔं । जीवजन्तु र वातावरण ले पनि हाम्रो देशको सुन्दरता बढाएको छ । यसैले

वन विनाश नगरौं, जीवनजन्तुलाई जोगाऔं, सबै मिली आउ साथी, नेपाललाई सुन्दर बनाऔं ।

कविता



✍ विनिश श्रेष्ठ, कक्षा : ७

पानी

पानी बिनाको के जिन्दगानी
हाम्रो घरमा आउदैन कहिले पनि पानी
हाम्रो देश भन्छन् जलस्रोतको खानी
खानी भएर के गर्नु पैसा तिरेर खानु पर्छ पानी ।



पैसा भन्दा महङ्गी रैछ पानी
जलस्रोतको धनी देशमा पानी खोजन कहाँ जानी
गाउँघरमा पानी चाहिन्छ रोप्न बाली
पानी नभएपछि नरहने भयो खेतबारी खाली ।

पानी नै पानीले भरिएको छ कुलेखानी
कुलेखानी भएर के गर्नु हुदैन घरमा एक थोपा पानी
खाना पनि पकाउने नुहाउने पनि पानी
पानी बिना काट्नु पर्ने भयो जिन्दगानी ।

वातावरण संरक्षण प्रति विद्यार्थीको भूमिका

✍ ईन्दु राना मगर, कक्षा-९



हाम्रा वरपर रहेको सजीव, निर्जीव, ठोस, तरल, छुन सकिने, छुन् नसकिने, अनुभव गर्न सकिने नसकिने, मानव निर्मीत, प्रकृति निर्मीत सबै पक्षलाई वातावरण भनिन्छ । मानिसहरुको आवश्यक परिपूर्ति गर्ने स्रोत नै वातावरण हो । वातावरणबिना मानव जीवनको कल्पना गर्न सकिदैन । मानिसले सञ्चालन गर्ने नराम्रा क्रियाकलापहरु जस्तै : जथाभावी फोहोर गर्ने, वन विनाश गर्ने, जथाभावी घर बनाउने, जमिनमुनिको पानी, बालुवा, गिट्टीको प्रयोग गर्ने आदिले वातावरण नकारात्मक प्रभाव पार्छ । मानव जीवनका लागी आवश्यक पर्ने अक्सिजन, अन्न, लत्ता कपडा वातावरणबाट प्राप्त गर्न सकिन्छ । त्यसैले आजैबाट वातावरण संरक्षणमा लाग्नुपर्छ ।

वातावरण संरक्षणमा विद्यार्थीको भूमिका महत्वपूर्ण हुन्छ । विद्यार्थी भनेका भविष्यको कर्णधार हो । हामीले हाम्रो वातावरण संरक्षण गरेनौं भने आउने भावी पुस्ताका लागी वातावरणको कुनै अस्तित्व रहदैन । हामीले हाम्रो वातावरण जोगाउनुपर्छ । जथाभावी वातावरण प्रदुषण नगर्नका लागी जनचेतना फैलाउनु पर्छ । वज जङ्गलमा भएको बोटविरुवाहरुलाई फडानी गर्नुहुदैन किनभने वन्यजन्तुहरुको वासस्थान नष्ट हुन्छ र वन्यजन्तुहरुले मानव वस्तीमा आएर धन जनको क्षती गर्दछन् ।

वातावरण संरक्षण गर्दा हामी मानिसलाई धेरै फाइदा हुन्छ । वातावरणले हामीलाई स्वच्छ हावा, अक्सिजन ग्याँस प्रदान गदर्छ । वातावरणले गर्दा वन्यजन्तुहरुको वासस्थान वनजङ्गलगमा भएको कारणले वन्यजन्तुहरुले मानव वस्तीमा आएर हानी नोक्सानी गर्न पाएका छैनन् । यसै कारणले गर्दा हामीले वातावरणको संरक्षण गर्नुपर्दछ ।

वातावरण प्रदूषण, समस्या र समाधान



✍ विन्दु राना, कक्षा ९

पृथ्वीको चारैतिर फिजिएको हावालाई 'वातावरण' र दूषित पार्ने वा दोषयुक्त पार्ने कामलाई 'प्रदुषण' भनिन्छ । यसरी 'वातावरण प्रदुषण' भन्ने शब्दले पृथ्वीको चारैतिर फिँजिएको हावालाई दूषित वा दोषयुक्त पार्ने काम भन्ने अर्थ बुझ्काउँछ तापनि यसलाई अझ व्यापक-विस्तृत अर्थमा हेर्नुपर्ने हुन्छ । त्यसरी हेर्दा 'वातावरण प्रदूषण' भन्नले हावापानीको प्रदषण, भूमिको प्रर्दषण, ध्वनिप्रदूषण, रेडियोधर्मी प्रदूषण र तापीय प्रदूषण आदि पर्न आउँछन् ।

वातावरण प्रदूषणभित्र हावा-पानी, भूमि, ध्वनि, रेडियोधर्मी प्रदूषण र तापीय प्रदूषण पर्न आउँछन् । जसले रासायनिक तथा जैविक उद्योगतामा अवाञ्छित परिवर्तन ल्याउँछन् । विभिन्न उद्योगधन्दा एवम् जनघनत्वका कारण हावापानीको प्रदूषण, आणविक शस्त्रास्त्रको निर्माण र पृथ्वीभत्र गरिने तिनको परीक्षण, रासायनिक मलको प्रयोग र वनजङ्गलको विनाशबाट भूमिको प्रदूषण, उद्योगधन्दा र सवारीसाधनका चर्को र ठूला-ठूला आवाजहरुबाट ध्वनिको प्रदूषण र आणविक विस्फोटन तथा किटनाशक औषधि आदिको प्रयोगबाट वातावरण प्रदूषणको अभिवृद्धि भई जटिल समस्या सिर्जना गरेको छ ।

वातावरण प्रदूषण आज विश्वव्यापी समस्या बनेर उपस्थित भएको छ । आजको विश्वमा विकसित वा अविकसित राष्ट्र नै किन नहोऊन, हरेक राष्ट्र वातावरणीय समस्याबाट पिरोलिइरहेका छन् र वातावरण प्रदूषण्को समस्या निराकरण निम्ति प्रत्येक मुलुकले आ-आफ्नो क्षेत्रबाट पहल गरिरहेका छन् । विश्वका विकसित र सम्पन्न राष्ट्रहरु आर्थिक विकासको दरबाट सिर्जित वातावरणीय समस्याबाट उत्पीडित देखिन्छन् भने अविकसित वा विपन्न राष्ट्रहरु र त्यहाँका जनता आ-आफ्ना स्रोतको उपयोग गर्ने प्रक्रिया एवं ती स्रोतको उपयोग गर्न असफल भएका कारणबाट सिर्जिएको वातावरणीय समस्याको जन्जालमा फसेका छन् । यस्ता र यिनै समस्याहरुलाई निराकरण गर्ने अभिप्रायले 'रियो द जेनेरियो' मा सम्पन्न 'पृथ्वी सम्मेलन' र सन् १९५२ मा स्वीडेनको राजधानी 'स्टकहोम' मा सम्पन्न वातावरण सम्बन्धी स्टकहोम विश्व सम्मेलनले वातावरणीय असन्तुलनबाट गम्भीर प्रभाव पैदा भएको र त्यसको समाधानका लागि विश्वले नै सचेततासाथ पहल गर्नुपर्ने तथ्यलाई उजागर गरेका हुन् । सन् १९७४ मा स्टकहोम सम्मेलन भएको प्रथम दिन जनु ५ लाई विश्व वातावरण दिवसका रुपमा संसारभर नै मनाउँदै आइरहेको कुराले पनि वातावरण प्रदूषण्को विश्वव्यापी समस्या तथा चिन्तालाई जगजाहेर गर्दछ ।

प्राकृतिक सन्तुलन बिग्रन नदिन वनकटान पूर्णतः रोकिनै पर्छ अविकसित मुलुकहरुमा इन्धनको प्रमुख स्रोत वनजङ्गल नै भएकाले एउटा रुख काट्ने व्यक्तिले दुईटा रुख रोपेर हुर्काउनै पर्ने परिस्थिति सिर्जना गर्नेतर्फ सरकारले पहल गर्नुपर्छ । आणविक शस्त्रास्त्रका सबै प्रकारका परिक्षण बन्द गरिनुपर्दछ ग्यास र पेट्रोल आदिसँग सम्बन्धित सबै उद्योगहरुलाई आवास क्षेत्रभन्दा टाढा राखिनुपर्दछ । भन्छन्-'रोग लागेपछि औषद्दि गर्नुभन्दा रोग लाग्न नदिनु नै जाती ।' यही उखानलाई चरितार्थ गर्न प्रदूषण बढे पनि त्यसलाई हटाउनभन्दा प्रदूषण नै बढ्न नदिनेतर्फ सचेष्ट भएमा यी धर्ती सुन्दर रहनेछिन् । मानव जीवन स्वस्थ्य रहनेछ । हाम्रा पूर्खाहरुले हाम्रा निम्ति नासोका रुपमा छाडेका प्राकृतिक स्रोत र साधनहरुलाई बिग्रन नदिई अरु स्वच्छ र परिष्कृत रुपमा भावी सन्ततिका हातमा सुम्पन



✍ संगिता घिमीरे, कक्षा-९

वनजंगलमा जंगली जनावर

हाम्रो देशमा प्रशस्तै जनावरहरु पाइन्छ भने कति जनावर लोप भइसकेका छन् । नेपालमा विभिन्न जातका जनावरहरु जस्तैः बाघ, भालु, रातो पाँण्डा, वन विरालो, चितुवा, गैडाँ, हात्ती आदि जंगली जनावरलाई प्राकृतिमा संरक्षणको आवश्यक निकै छ । अहिले प्रकृतिमा उनीहरुको अस्तितत्व नकारात्मक असर आइरहेको पाइन्छ । जंगली जनावरहरु कोही साकाहारी अनि कोही मासांहारी हुन्छन् । परिस्थितीक प्रणालीमा यी जनावरको उत्तिकै महत्व हुन्छ । कुनै जनावरको अस्तित्व हराउने वित्तिकै अर्को जनावरमा असर पर्दछ ।

जंगली जनावरको वानीवेहोरा निकै रोचक हुन्छन् । उनिहरुमा मातृत्वको भावना अनि वच्चाहरुलाई हेरचाह गर्ने जस्ता वानीव्यहोरा निकै नै रोचक एंव वन्य जन्तुविद्धहरुलाई अनुसन्धान गर्न लायक हुन्छ । यिनीहरु कोही समूहमा कोही एक्लै पनि हिड्ने गर्दछन् ।

जंगली जनावर र मान्छे वीचको द्वन्द्व बढिरहेको पाइए पनि यी सबै मानवकै कारण भएको देख्न सकिन्छ । हामी चेतनशिल मानवले यीनीहरुको महत्वलाई बुझेर संरक्षण गर्न ध्यान पुऱ्याउनु पर्दछ । जंगलजनावरलाई मास्ने कार्य भयो भने प्रकृतिका अनुपम सौन्दर्यसँगै हामी मानवको पनि अस्तित्व मेटिन सक्छ ।



✍ सन्देश पाण्डे, कक्षा-६

वातावरणको रक्षा

जोगाउ हामी सबै मिली जङ्गल र वन
जव जोगउछौ जङगल र वन तव खुसी रहन्छ मानव जिवन
वन जङ्गल जोगाउ हामी सवै मिली जुली
त्यस पछि त्यहा जनावर वस्छन् डुली डुली
वनको रक्षा गर्नु अघि बढौं
वन जङ्गल जोगाउन सबै अघि सरौं
वन जङ्गल चहिन्छ नै, सुनिन्छ पशुपन्छीको वोली विहान
वन जङ्गल जोगाई वातावरण स्वच्छ पार्ने हाम्रो अभियान

मेरो मनको भावना



✍ विमला तामाङ कक्षा-८

म कवि त होइन्
तर कविता लेख्न मन लाग्छ
शब्द कोर्दै जान्छु
स्कुल गेटमा पुग्दा
मनबाट माग्छ के
म कवि बन्न सक्दैन र
मनमा यस्तै कुरा जाग्छ
अव म कोशीस गर्ने छु
केही शब्द कोर्नलाई समाज का हरेक कुरीति
कुविचार फेर्नलाई अब जुट्नु छ
यही स्कुलबाट सिक्नु छ
मन भित्र रहेका शब्दका भावहरु
भिक्नु छ, वातावरण संरक्षण गर्न जुट्नु छ ।

वातावरण र विकास



✍ शर्मिला रेग्मी, कक्षा ९

वातावरण भन्नाले सामान्य अर्थमा हाम्रो वरिपरि पाउने सम्पूर्ण जैविक तथा भौतिक वस्तुहरुको अन्तरसम्बन्धलाई बुझ्नाउँछ तर वातावरणको परिभाषालाई यति नै संकुचित अर्थमा हेर्नु भन्दा पनि वातावरण एउटा सर्वव्यापक पक्ष भनेर बुझ्नु जरुरी छ। यसले समाजका सम्पूर्ण आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षहरु समेटेको हुन्छ । वातावरण संरक्षण ऐन २०५३ अनुसार प्राकृतिक, समाजिक साँस्कृतिक प्रणालीहरु आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयव वीचको अन्तरक्रिया र अन्तरसम्बन्धलाई वातावरण भनिन्छ । वातावरण र विकास एक आपसमा अन्तरसम्बन्धी विषयहरु हुन । विकास एक वहुआयमिक प्रक्रिया हो । अर्थात विकास भन्नाले वातावरण सामाजिक, भौतिक तथा साँस्कृतिक पक्षहरु आएको सकारात्मक परिर्वतन हो । जसले मानिसको आर्थिक अवस्था देखि लिएर समाजका हरेक पक्षहरुलाई प्रत्यक्ष असर पारेको हुन्छ ।

वातावरण र विकास वीच अन्योन्याश्रित सम्बन्ध छ । वातावरण असन्तुलन भयो भने त्यसले विकासमा प्रत्यक्ष एवं अप्रत्यक्ष दुवै रुपमा असर गर्दछ । यदि विकास निर्माणका कार्यहरु गर्दा वातावरणीय पक्षलाई ध्यान पुऱ्याउन सकिएन भने यसले वातावरणका विभिन्न पक्षहरुलाई नकारात्मक असर पर्छ । आजको वदलिदो समाज र तीव्र रुप बढेको जनसंङ्ख्या र तिनका अनगिन्ती इच्छा आकांक्षहरु पुरा गर्न भईरहेका विकास निर्माणका कार्यले वातावरण पक्षहरु खलवलाई वातावरण प्रदूषणदेखि लिएर वातावरण असन्तुलन र



जैविविधतालाई समेत प्रतिकुल असर पारेको छ । यस सन्दर्भमा वातावरणमैत्री विकास अर्थात दिगो विकासका अवधारणहरु नआएका भने होइन तर यस्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयासहरु केवल कागजी पानाहरुमा मात्र सिमिति भएका छन् । विकसित देशहरुले उत्पादन गर्ने CFCS ग्याँस र यसको उचित व्यवस्थापन तथा न्यूनिकरण गर्न नसक्दा वातावरण विभिन्न प्राकृतिक प्रक्रियाहरुमा असन्तुलन आई, विश्वव्यापी उष्णता, हरितगृह प्रभाव जस्ता समस्याहरुबाट आजको समाजलाई आक्रान्त पारेको छ । यस्ता कुराहरुमा विश्व समुदायको नै ध्यान आर्कषित हुन पर्ने आजको आवश्यकता देखिन्छ ।

यो पृथ्वी मानव जातीको मात्र एक्लो सम्पत्ती नभई सम्पूर्ण प्राणी जगतको साझा घर हो । त्यसैले वातावरणमा विकासले निम्त्याएका जति पनि नकारात्मक असरहरु छन्, यसका लागि हामी नै प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा उत्तरदायी छौं । तसर्थ मानविय गतिविधिहरुबाट वातावरणमा देखिएका प्रतिकुल असरहरुलाई न्यूनिकरण गर्दै प्राकृतिकले उपहार स्वरुप प्रदान गरेको प्राकृतिक सम्पदाहरु न्यायोचित तवरबाट विकासका गतिविधिहरुमा उपयोग गर्दै विकासका गतिविधिहरु वातावरणमैत्री ढंगवाट अगाडी बढाउनु आजको आवश्यकता हो । वातावरणसम्बन्धी भएका सम्पूर्ण प्रयासहरु जस्तो हेल सिन्की सम्मेलन देखि Cop-21 सम्मका सम्मेलनहरुले उठाएका विषयहरुलाई अक्षरअंश पालना गरि विकसित तथा औद्योगिक देशहरुले उत्पादन गर्दै आएको CFCS र हरित ग्रह ग्यासँहरुलाई न्यूनीकरण गर्दै जानु पर्दछ । जसले सम्पूर्ण वातावरणीय पक्षहरुको संरक्षण गर्दै मानवीय आवश्यक पुरा गर्न गरिन विकास निर्माणका कार्यहरु अगाडि बढाउन सहयोग गर्दछ ।



✍ **समृद्धि विन्दुकार, कक्षा : १०**

हाम्रो देश नेपाल



आहा । कति राम्रो हाम्रो देश नेपालको वन
चारैतिर हरियाली पाखा पखेरा झन् ।
जीवजन्तु र औषधीको यहि नै घर
कर्तव्य बुझी सबैले रक्षा पनि गर ।

हिमाल पहाड तराई मिली वनेको देश नेपाल
यसैभित्र नाच्छन् सधै डाफे अनि मुनाल
प्राकृतिक सम्पदा दोम्रो धनि देश नेपाल
यहि छ विश्वको उच्च शिखर सगरमाथा हिमाल

संस्कार अनि संस्कृतिको थलो हो नेपाल
फरक फरक भेषभूषा कला छन् विशाल
हरियाली वनपाखा कोइली मिठो भाका पाक्यो है काफल
उमङ्ग उत्साहले भरिएको हाम्रो देश नेपाल

दक्षिणमा तराई उत्तर तिर टल्केको छ हिमाल
पहाडमा लालिगुरास सुनगाभाको झनै छ वाहार
स्वर्ग जस्तै लाग्छ मलाई मेरो देश नेपाल



✍ मोनिका गुरुङ, कक्षा-७

प्रकृति र वातावरण

मानिस प्रकृतिको उपज हो । प्रकृति व्यक्ति वा वस्तुको विशेषता हो । बानी, स्वभाव आदिलाई पनि प्रकृति भनिन्छ । यसले जगतको निर्माण र विकासलाई पनि सङ्केत गर्छ । वातावरण शब्दले मूल रुपमा पृथ्वी वरिपरिको हावालाई जनाउँछ । यसले मानिस, जीव र वनस्पतिको अवस्थालाई समेत सङ्केत गर्छ । प्रकृति र वातावरण मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय हुन् ।

प्राणी र वनस्पतिको जीवन वातावरणमा निर्भर रहन्छ । सृष्टिक्रमसँगै प्रकृतिमा प्राणी र वनस्पतिको जीवनका लागि निश्चित वातावरणकै कारण प्राणी र जीवनबिच घनिष्ट सम्बन्ध स्थापना हुन्छ । विश्वमा रहेका जीवहरुमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो । मानिसले प्रकृतिलाई बिर्गान र जोगाउन पनि सक्छ ।

प्रकृति सम्पदालाई जोगाइ राखेमा वातावरण संरक्षण हुन्छ । वन जङ्गल, नदी, हिमाल, पहाड, खनिज आदिलाई सन्तुलित ढङ्गले उपयोग गर्नुपर्छ । वातावरण संरक्षणको यो कार्य मानिसले मात्र गर्न सक्छ । प्राकृतिक स्रोतको उपयोग गर्दा विवेक पुऱ्याउनुपर्छ । मानिसका अविवेकी क्रियाकलापले प्राकृतिक स्रोतमा विकृति आउँछ । प्राकृतिक वातावरण विकृत भयो भने विसङ्गति देखा पर्छ । हामीले भूक्षय, बाढी, पहिरो, अतिबृष्टि, अनावृष्टि जस्ता समस्या भोग्नुपर्छ ।

जनसङ्ख्या बृद्धि, अब्यवस्थित सहरीकरण र प्राकृतिक स्रोतको स्वार्थपूर्ण प्रयोगले प्रकृति र वातावरण दुवैको विनाश गर्छ । वातावरण स्वच्छ नभए मानिस अस्वस्थ हुन्छ । सुन्दर प्रकृतिको स्वस्थ विचार जन्माउँछ । प्राकृतिमा सङ्कट आए मानिसको मन र मस्तिष्क स्वस्थ हुँदैन । असल विचार र सत्प्रयत्नले प्रकृति र वातावरण सुन्दर बनाउनुपर्छ ।

कविता



✍ प्रमोद न्यौपाने (शिक्षक)

"पानीको थोपा"

आकश गड्गडाईरहन्छीन्
उषाकालको प्रहरमा वातावरणमा उमङ्ग छाउँछ ।
वस्तुत : इच्छा आकांक्षा रहरसंगै
पानीका कणहरु पृथ्वीसम्म आइपुग्छिन् अनि
सम्पूर्ण जिव, वनस्पतीहरुको प्यास मेट्न थाल्छिन् ।।
यो कस्तो तात्विकता हो त्यही पानीको थोपाले
प्राण प्रतिपादन भएको छ ।
अनि यो कस्तो सहाय हो, जसले पृथ्वीलाई धानेको छ ।
चराहरु दङ्ग थिए सायद पानीका थोपाहरुलाई
नजर लगाउँदै अनि रुझ्दै मुस्कुराउदै थिए ।
धर्तीका सारा वनस्पतिहरु,
पानीका थोपाको पिटाईले, हिर्काइले लथरक्क
थाके झै लाग्छ, भित्रभित्र पाके झै लाग्छ ।
तैपनि वनस्पतीहरु साहस अनि संघर्ष गर्दै कतै
फुल्दै त कतै फल्दै छन् ।
त्यही पानीका थोपाहरु जमिनमा विभिन्न
आकृति बनाउँदै खस्दैछिन्, हास्दैछिन् र
पृथ्वीलाई उर्वर वनाउदै छिन ।।

विभिन्न पत्रपत्रिकामा प्रकाशित वातावरणसम्बन्धी समाचारहरु

नेपालमा वन्यजन्तुको अध्ययन



✍ **सिवन सुनुवार, कक्षा १०**

ब्रायन एच. हड्सन (सन् १८००-१८९४) लाई नेपालमा वन्यजन्तुको अध्ययनका शुरूवातकर्ता मानिन्छ । तत्कालीन इष्ट इण्डिया कम्पनीको क्रमशः कर्मचारी, सहायक आवासीय प्रतिनिधि र चौथो आवासीय प्रतिनिधि भएर सन् १८२०-४३ मा नेपाल बसेका हड्सनले त्यसपछिका वर्षहरू समेत गरी झण्डै ४० वर्ष नेपालका स्तनधारी, चरा, सरीसृप, उभयचर र माछा समूहको अध्ययन गरेका थिए । नेपाल बसाइँकै क्रममा हड्सनका वन्यजन्तु सम्बन्धी ११७ वटा र पछिका केही वर्ष दाजीलिङ बस्दा थप २९ वटा वैज्ञानिक लेख प्रकाशित भएको पाइन्छ। नछापिएका लेख र पुस्तकमध्ये धेरैजसो जुलोजिकल सोसाइटी अफ लण्डनमा संग्रहित छन् ।

अवैध चितुवाको छाला सहित पक्राउ

पोखरा, २९ पुस । केन्द्रिय प्रहरी अनुसन्धान व्यूरो र जिल्ला प्रहरी कार्यालय लमजुङको संयुक्त प्रहरी टोलिले अवैध चितुवाको छाला सहित तीन जनालाई वेशीसहर स्थित एक होटलवाट पक्राउ गरेको छ ।



लमजुङको बेसीशहर ८ स्थित घंलेगाँउ होटलको कोठामा बसेका तिन जना व्यक्तिहरुले अवैध चितुवाको छाला लुकाई छिपाई राखेका छन् भन्ने विषेश सूचना पाएपछि प्रहरी पुगेको थियो।

प्रहरी टोलीले होटलमा गई कोठा खानतलासी गर्दा दराज भित्र कालो झोलामा प्लाष्टिकको बोरा भित्र चितुवाको दाह्रा सहितको १ थान अवैध छाला लुकाई छिपाई राखेको अवस्थामा फेला पारेको हो ।

घटनाका सम्बन्धमा लमजुङ प्रहरीले जिल्ला वन कार्यालय लमजुङसँग समन्वय गरी थप अनुसन्धान शुरु गरेको छ ।

बाँदरलाई थापेको धरापबाट बालकको मृत्यु

खोटाङ, ९ चैत,बाँदरलाई थापेको धरापमा परी खोटाङमा एक बालकको ज्यान गएको छ । बाँदर मार्न जङ्गलमा थापिएको धरापले किचेर च्यास्मिटार-४ का दिलकुमार राईका नौ वर्षीय छोरा प्रकाश राईको ज्यान गएको हो । गाई चराउन जङ्गल गएका बालकको सोमबार दिउँसो धरापले किच्दा घटनास्थलमै ज्यान गएको स्थानीयवासीले बताएका छन् । स्थानीयवासीका अनुसार गाउँमा बाँदरले दुःख दिएपछि घरदेखि केही टाढा पर्ने जङ्गलमा धराप थापिएको थियो ।

रसायनिक मल र विषादिको डर लाग्दो प्रयोग



✍ भरत सिम्खडा
शिक्षक

कृषि विकासको नाममा विगत केही दशक देखि हाम्रो मुलुकमा रसायनिक मल र विषादिको प्रयोग अन्धाधुन्ध मात्रामा भईरहेको छ । यस्ता रासायनिक मल र किटनाशक जति प्रयोग गरे पनि कृषि उत्पादकत्व वा उत्पादशीलता भने घटेको कुरा सरकारी आर्थिक सर्वेक्षणले खुलस्त पारेको छ। कृषि कार्यमा प्रयोग गरिने विभिन्न रासायनिक मल तथा रोग र किरानाशक मल तथा रोग र किरानाशक विषादिहरुले माटो, पानी जीवनजन्तु र मानिसमा नराम्रो असर पारी वातावरणलाई प्रदुषित पार्ने काम पनि गर्दछन् । माटोमा हालेको सबै नाइट्रोजन मललाई विरुवाले सोसेन भने आकाशबाट परेको पानीले यसलाई बगाएर नदी वा पोखरीमा पुऱ्याउँछ अथवा चुहिएर इनार वा कुवामा पुग्दछ । नदी वा पोखरीमा पुऱ्याउँछ अथवा चुहिएर इनार वा कुवामा पुग्दछ । नदी वा पोखरीमा नाइट्रेट्स जम्मा भइदिनाले पानी भित्र उम्रने विरुवाहरु सप्रन्छन् । जव यी विरुवाहरु मर्दछन र पानीभित्र कुहिन्छन् यिनले पानीमा घोलिएर रहेको अक्सिजन सोस्छन् । अक्सिजन विहिन पानीमा माछा बाँच्न सक्दैन साथै असर गर्दछ । माटोमा यूरिया मल प्रयोग गर्नाले यसबाट पैदा हुने फर्मील्डिहाइड नामक पद्धार्थले माटोमा हुने आँखाले देखिने र नदेखिने दुवै किसिमका उपयोगी जीवाणु मर्दछन साथै विउ र कलिला विरुवा समेत मर्दछन् । जस्तैः गड्यौला, सर्प, भ्यागुता, माछा, जुका आदि ।

यसै गरी रसायनिक मल प्रयोग गरेको ठाउँको माटो कडा हुँदै जान्छ र क्रमशः जमिनको उब्जनी घट्दै जान्छ । यूरिया र कम्प्लेक्स मल प्रयोग गरेको माटोमा अम्लियपन बढ्दै जान्छ र त्यस माटोमा भएको फस्फोरस तथा विरुवाका लागि आवश्यक तत्व माटोमा विद्यमान भएता पनि विरुवाले लिन सक्दैन । रसायनिक मल हाल्ने गरेको माटोमा मलको असर हरेक वर्ष कम हुँदै जाने हुनाले यसको मात्रा बढाउँदै लैजानु पर्ने हुन्छ ।

डि.डिटी., वि.एच.सी., इन्ड्रीन जस्ता क्लोरियुक्त हाईड्रोकार्बन विषादिहरु मुखबाट निलेपछि आन्द्राबाट र सास फेरेपछि फोक्सोबाट भित्र गएर बोसो बढी भएको



अङ्गमा जम्मा हुन्छ । यसरी बोसोमा जम्मा हुँदै गएको विषले लिथल डोज (मानिस मर्नलाई चाहिने मात्रा) पुगेपछि मानिसको मृत्यु हुन सक्छ । उदाहरणको लागि माटोमा लाग्ने किरा मार्न आलु बारीमा वि.एच.सी. प्रयोग गर्दा वि.एच.सी.का अणुहरु गिलो वा बोसिलो पदार्थमा मिलेर बस्ने खालका भएकाले आलुको दाना लाग्न थाल्नासाथ ती दानामा जम्मा हुन थाल्दछन् ।

उक्त आलु मानिसले खाँदा मानिसको शरिर को बोसोमा जम्मा हुन थाल्दछ । कतिपय विषादिहरु छालामा भएका साना प्वाल (जो रौको फेदमा हुन्छन) बाट शरिरभित्र पस्दछन, जस्तै क्लोरिन आदिले शरिर भित्र गई खतरा पुऱ्याउँदछन् ।

किटनाशक विषादिले एक किसिमको किरा मार्दा ती किराले नियन्त्रण गरेर राखेका अन्य किसिमका किराको प्रकोप बढ्न सक्दछ । विषादिहरुले चरा, धेरै किसिमका मित्र किराहरुलाई पनि मार्दछन् । उदाहरणको लागि इण्डोनेसियामा धानमा लाग्ने किरा मार्न विषादि छर्दा ब्राउन प्लान्टहोपर नामक किरा फैलिएर १९७६/७७ जाभा र उत्तरी सुमात्रामा ४ लाख हेक्टर जमीनमा ३ लाख ५० हजार टन धान नोक्सान गरी एकै बर्षमा १० करोड डलरको नोक्सानी पुऱ्यायो, जसले ३० लाख मानिसलाई पुरा एक वर्ष खाना खान पुग्ने थियो ।

किटनाशक विषादि प्रयोग गर्दै जादाँ किराको विषादि सहने शक्ति बढेर कालान्तरमा किरा मर्न छाड्छन । उदाहरणको लागि अमेरिकाको एउटा एग्रोकेमिकल इन्डस्ट्रीको रिपोर्ट अनुसार सन् १९५४ मा २५ किसिमका किरा विषादिले मरेनन् । डिसेम्बर १९८४ मा भारतको भोपालको रसायनिक भट्टी बिष्फोटनमा दुई हजार व्यक्तिको मृत्यु भयो भने पाँच लाख मानिस अन्धा, सास फेर्न कठिन भएका, दिमाग विग्रने रोगले ग्रस्त भएर जन्मने छन् भनेर प्रतिवेदनमा भनिएको थियो । यस्तै केही वर्ष अघि भारतको उत्तर प्रदेशमा विवाहको भोज खाँदा २५० व्यक्तिको मृत्यु भयो । उनीहरुले खाएको रोटी भण्डार गर्दा किरा लाग्ला कि भनेर वि.एच.सि. नामक विषादि मिसाएर राखेको गहुँको पीठोबाट बनाइएको थियो भने, भारतको केरलामा १९५८ मा गहुँमा प्याराथाइन नामक विषादि मिसिनाले करिब एक सय मानिसको ज्यान गयो ।

केही समय अगाड भक्तपुर जिल्लाको किवाचोक गाउँमा आमाले खेतमा ल्याएर आलुमा छर्न राखेको विषादि खाने कुरा सम्झेर सेवन गर्दा एक बालकको मृत्यु भयो । वर्षौसम्म काठमाडौं बसेर विषादि प्रयोग गरी उब्जाएका तरकारी खाएकी उक्त स्वीस महिला आफ्नो देशमा गाई बच्चा जन्माउँदा आमाको दुध बिषालु छ भनी डाक्टरहरुले बच्चालाई उक्त आमाको दुध नखुवाउने सल्लाह दिएका थिए ।

नेपालमा खास गरेर अशिक्षाको कारणले गर्दा किटनाशक विषादीहरु प्रयोग गर्नुपर्ने मात्रा भन्दा बढाएर प्रयोग गर्ने, बालीनाली भित्रयाउने बेलामा प्रयोग गर्ने, प्रयोग गर्ने तरीका पढ्न नसकी लापर्वाही तरीकाले प्रयोग गर्ने जस्ता कारणले एकातिर मानिसलाई खतरा हुन गईरहेको छ । एक किसानले धानको ब्याडमा हाल्न भनेर कम्प्लेक्स मल (दाना मल) लिएर खेतमा गए, मल हाल्नु पहिला ब्याड बनाउन लाग्दा खसी आएर २ मुठी मल चोरेर खाएपछि त्यसै दिन खसी मऱ्यो । केही महिना अघि मात्र लमजुङ्ग जिल्लामा एक जना आँखा नदेख्ने वृद्धाले तरकारी पकाउँदा बेसार भनी जुम्राको विषादि तरकारीमा हालेको र सो तरकारी खाएर केटाकेटी मरेको कुरा पुरानो भएका छन । यसै गरी किटनाशक विषादि छर्नाले ठूलो संख्यामा मौरी र भँगेराहरु मर्ने गर्दछन्, जसले गर्दा बालीनालीमा परागसेचन कमी भएर बालीको उत्पादकत्व कम हुने समेत समस्या परेको छ । अमेरिकामा मौरी मर्नाको कारण मह र बाली उत्पादनमा प्रति वर्ष १३ करोड ५० लाख भन्दा बढिको नोक्सानी डलर हुने गर्दछ ।

साभारः गोरखापत्र (२०५२)

चरा संसार



✍ संकलकः अस्मिता धरेल
कक्षाः ९

बच्चा कोरल्न सल्लाह

भ्याकुर र तोरीगाँडा प्रजातिका चरा सल्लाह गरेर बच्चा कोरल्छन् । बथानमा बस्ने यिनीहरू वयस्क भएपछि सल्लाहमा ओथारो बस्छन् । प्राय वयस्कले आमा बाबु, काका काकीलाई बच्चा कोरल्न सहयोग गर्छन् । ४ जना पोथी तयार भएपछि ४ जना भाले पनि सम्भोग गर्न र बच्चा हुर्काउन तयार हुन्छन् । यिनीहरू १४ वटासम्मको बथानमा बस्छन् । करिब महिना दिन ओथारो बसेपछि बच्चा हुर्काउने यी चरा तराईदेखि हिमालसम्मै पाइन्छन् । दुवै प्रजातिका ७० बढी चरा यहाँ देखिन्छ । नेपालमा अहिलेसम्म पाइएका ८ सय ८६ प्रजातिमध्ये यी प्रजातिका चराको संख्या सबैभन्दा बढी छ । नेपालमा पाइने चरामा यिनीहरूको संख्या १० प्रतिशत छ । अरू चरामा बचेरा कोरल्दा यस्तो स्वभाव पाइँदैन ।



४ वर्षमा रंग फेर्ने चरी

स्वर्ग चरी नामैले आकर्षक छ । हेर्दा सबैको मन प्रफुल्ल हुन्छ । यो चरीले २ पटक रंग फेर्छ । ४ वर्षभन्दा कम उमेरको भए टाउको कालो, ढाड, पँखेटा र पुच्छर रातो हुन्छ । घाँटी खरानी रंगको हुन्छ । ४ वर्ष बढी उमेरको भए टाउको कालो सेतो र घाँटीदेखि तल सेतो रंग हुन्छ । यो ग्रीष्म आगन्तुक चरा हो ।

फुल पार्ने पोथी, ओथारो बस्ने भाले

सामान्यतया चराहरूमा पोथी ओथारो बस्छ । चल्ला कोरल्छ । भाले आहारका लागि बाहिर जान्छ । तर, जलअप्सरा चरामा पोथी होइन, भाले चल्ला कोरल्न गुँडमा ओथारो बस्छ । फुल पार्नासाथ पोथी निस्कन्छन् । भाले ओथारो बसेपछि पोथी अर्को भाले खोज्दै हिँड्छ । अर्को भालेसँग पनि संसर्गपछि फुल पारे पछि पोथीले फेरि गुँड छाड्छ । भालेलाई ओथारो बस्ने बनाउँछ । वर्षमा एउटा पोथीले ३ वटासम्म बच्चा कोरेल्न भाले फेर्दै हिँड्छ ।

नाँचेर पोथी आकर्षित गर्छन् डाँफे र मुनाल

विशेषगरी डाँफे र मुनालले नाचेर पोथी आकर्षित गर्छन् । त्यस्तै चिलिमे र कालिजले पनि नाचेरै पोथीको मन जित्छन् । यी चरा नाच्ने बेला पोथी

लुकेर हेर्छन् । जुन भाले राम्रोसँग नाच्छन्, त्यसैलाई पोथीले मन पराउँछन् । त्यसपछि बच्चा कोरल्छन् । डाँफे, मुनाल र चिलिमे ग्रीष्ममा ३ हजारदेखि ४ हजार ५ सय मिटर उचाइमा पाइन्छन् । हिउँदमा थोरै तलसम्म झर्छन् । कालिज भने समुद्र सतहदेखि ३ सय मिटरदेखि ३ हजार मिटर उचाइसम्म पाइन्छ ।

काग र मान्छे देखेर सिनो पत्ता लगाउँछ गिद्ध



गिद्धले सुँघेर र गन्धले सिनो पत्ता लगाउँछ भन्ने सुनिन्छ तर त्यो गलत हो । उसको सुँघ्नेशक्ति नै हुँदैन । नेपालमा ९ प्रजातिका गिद्ध पाइन्छ । सबै गिद्धले आकाशमा उड्दा कागको भीडभाड र मान्छेको आवतजावत देखेर आहार सिनो पत्ता लगाउँछन् । एउटा दुइटा गिद्ध देखेपछि अरू गिद्ध पनि आहार भएको थाहा पाएर सिनो खान आउँछन् । गिद्धले जीवित जनावर खाँदैन, मरेको सिनो खान्छन् । दुर्गन्ध र विभिन्न रोगव्याधिको जोखिम हटाउन सहयोग गर्छ । वातावरण र खाद्यचक्र सन्तुलित गर्छ । धार्मिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ ।

पत्थरमा फुटालेर आहार खान्छ हाडफोर गिद्ध

नेपालमा पाइने ९ प्रजातिका गिद्धमध्ये हाडफोर एक हो । यो धेरैजसो हिमाली र पहाडी क्षेत्रमा पाइन्छ । अन्य गिद्धको टाउकोमा प्वाँख हुँदैन । तर, हाडफोरको टाउकोमा प्वाँख हुन्छ । यसले अरू गिद्धले खाइसकेको सिनोको हड्डीभित्रको मासी मात्र खान्छ । त्यसैले यसलाई हाडफोर गिद्ध भनिएको हो । यसले हड्डीभित्रको मासी अनौठो तरिकाले निकालेर खान्छ । स-साना हड्डी संकलन गर्छ । मुखले हड्डीभित्रको मासु खान नसकेपछि खुट्टाको नंग्राले च्यापेर आकाशमा उड्छ । सकभर रूखछेउ सिलौटोजस्तो ढुंगा खोज्छ । नभेटे पत्थर खोज्छ । रूखमाथि बसेर नंग्राले च्यापेको हड्डी पत्थरमा बजार्छ । हड्डी फुटेपछि भित्रको मासी खाएर बाँच्छ । यस्ले ८० प्रतिशत बढी यस्तै मासीलाई आहारा बनाउँछ । हाडफोर गिद्ध ढलपल गर्दै उड्छ । त्यसैले यसको उडाइ आकर्षक लाग्छ ।

मुसाको दिसाबाट आहार पत्ता लगाउने चरा

सिकारी चरा बौडाईले मुसालाई उसको दिसा र पिसाबबाटै पत्ता लगाउँछ । मुसाले दिसा-पिसाब गरेपछि एक प्रकारको रसायन छाड्छन् । त्यो आँखाले देख्न सक्ने क्षमता बौडाई चरामा हुन्छ । त्यही रसायनको फलो गर्दै बौडाई मुसालाई आफ्नो आहार बनाउँछन् । मुसाले दिसा-पिसाब गर्ने ठाउँ पत्ता लगाएसँगै चराले मुसा हिँड्ने बाटो पनि पत्ता लगाउँछ ।

भाले–पोथी थाहा नहुने चरा

डुबुल्की चरालाई आफू भाले-पोथी के हुँ भन्ने थाहा हुँदैन । भाले-भाले र पोथी-पोथीबीच बढी सम्भोग गरिरहेका हुन्छन् । उनीहरूबीच संयोगले भाले-पोथीबीच सम्भोग हुन्छ । त्यस्तो अवस्था जुर्यो भने मात्र बचेरा जन्मन्छ । हेर्दा र उड्दा पनि त्यत्ती राम्रो नदेखिने यो चरा रैथाने र हिउँदे आगन्तुक चरा हो ।

नाचेर र गीत गाएर आकर्षित गर्ने चरा

चरा दुई वर्गमा विभाजित छन् । विरुत र गितारु । विरुत वर्गमा पर्ने चराको बोली विकास हुँदैन । यिनीहरू नाचेरै भाले आकर्षित गर्छन् । रमाइलो गर्छन् । गितारु

वर्गमा पर्ने चराको बोली विकसित हुन्छ । यिनीहरू गीत गाएर भाले आकर्षित गर्छन् । रमाइलो गरेर मनोरञ्जन प्रदान गर्छन् । दुवै वर्गमा पर्ने चराको आफ्नै विशेषता छ । चरा प्रेमीलाई दुवैले गीत गाएर र नाचेर आकर्षित गर्छन् ।

आकाशमै आहार खाने चरा

गौँथली प्रजातिको चराले आकाशमै आहार खान्छन् । आकाशमा उड्दै गरेको कीरा र फट्याङ्ग्रा सोझै मुखमा हाल्छन् । यही आहार खाएर उनीहरू बाँच्छन् । गौँथलीमा १० प्रजातिका विरुत र ११ प्रजातिका गितारु चरा छन् ।

९ हजार मिटरमाथि उड्ने खोया हाँस

यो विश्वकै एउटा यस्तो प्रजाति हो जुन बसाइ सराइको क्रममा नौ हजार मिटर हाराहारीमा उडान भरेर आवतजावत गर्छ । बढी उचाइमा उडान भर्न सक्ने चरामध्ये खोया हाँस एक हो । यो चरा चीन र रसियाका विभिन्न क्षेत्र पाइन्छ । त्यहाँबाट बसाइ सर्ने क्रममा यो चरा सगरमाथा आसपास हुँदै नेपाल आउँछ । त्यतातिर बढी जाडो हुँदा आहार-विहारको समस्याले नेपाल, भारत र भुटानतिर बसाइ सर्ने गर्छ । यो चरा गर्मी लाग्यो भने बच्चा कोरल्न हिमालपारि उत्तर जान्छ । जाडो लागेपछि आहार खोज्न दक्षिणतिर लाग्छ । यो चराले हरेक वर्ष बसाइसराइ गर्छ । यो चरा असोजदेखि फागुन-चैतसम्म आहारका लागि नेपाललगायतका दक्षिण क्षेत्रमा बस्छ । यो चरा पोखरा, तराईका सिमसार क्षेत्रमा रेकर्ड गरिएको छ ।

पोथी राम्रो, भाले फ्रुस्रो

अधिकांश चराका भाले राम्रो र आकर्षक देखिन्छ । भाले रंगीविरंगी र मनमोहक हुन्छ । पोथी फ्रुस्रो हुन्छ । आकर्षक लाग्दैन । तर चित्राङ्गद चराको विपरीत हुन्छ । चित्राङ्गदको पोथी राम्रो र रंगीन हुन्छ । चित्ताकर्षक देखिन्छ । पोथी मात्र राम्रो देखिने चित्राङ्गद चरा हो । भाले अपेक्षाकृत राम्रो हुँदैन । यो चराको पोथीले फुल पारेपछि भाले ओथारो बस्छ ।

अर्काको गुँडमा फुल पार्ने कोइली

नेपालमा १८ प्रजातिका कोइली पाइन्छ । १२



प्रजातिका कोइलीले अर्काको गुँडमा फुल पार्छन् । बच्चा हुर्काउँछन् । कुहु कोइलीले काग र काफल पाक्यो कोइलीले चिवेको गुँडमा अण्डा पार्छन् । बीउ कुहियोले बगाले भ्याकुर र कुक्कु कोइलीले जुरेली वा चुइयाको गुँडमा अण्डा पार्छन् ।

सामान्यतया अरू चराले आफ्नो गुँडनजिक अरूलाई जान दिँदैनन् । फुल पार्न पनि दिँदैनन् । तर कोइलीले बदमासी गर्छ । कोइलीका भाले-पोथी चराको गुँडनजिक जान्छन् । भाले कोइलीले ओथारो बसेको चरासँग निहुँ खोज्छ । झगडा गर्छ । त्यो बेला ओथारो बसेको चरा भाग्छ । त्यही मोका छोपेर अरू चराको गुडमा पोथी कोइली गएर फुल पार्छ । कतिपय अवस्थामा ओथारो बसेको चराले थाहा नपाउन् भनेर पहिले चराले पारेको फुल पनि कोइलीले खसालेर फुटाई दिने गर्छ । कोइली चरा असाध्यै बाठो हुन्छ ।

२ र ३ वर्षसम्म आकाशमा उडिरहने चरा

आकाशमा निरन्तर दुई तीन वर्षसम्म उड्ने चरा हो फ्यालफ्याले । त्यस्तै विरुत वर्गमा पर्ने गौंथलीका केही प्रजाति पनि २ र ३ वर्षसम्म आकाशमा उड्न सक्ने चरामध्ये पर्छन् । नेपालमा थोरै पाइने फयालफयाले पानीमा आश्रित चरा हो । फयालफयाले रंग सेतो हुन्छ । टाउको हल्का चुच्चो परेको हुन्छ । यो चराले धेरैजसो माछा खान्छ । यो चरा आकाशमा उड्दै गरेका कीरा-फट्यांग्रा खाएर महिनौं आकाशमै बसिरहन्छ । गौंथलीका प्रजाति पनि कीरा-फट्यांग्रा खाएर महिनौं आकाशमै उड्दै बसिरहन्छ । यी चरा आकाशमै आराम गर्दै महिनौंसम्म उड्दै आफ्नो गन्तव्यमा पुग्छन् ।

झुक्याएर बाँच्ने चरा

भीमराज चिवे चराले सिकारीलाई झुक्याएर आफू जोगिन्छ । वनमा आश्रित यो चराले अन्य चराको आवाज सजिलै निकाल्छ । सिकारी आएको थाहा पाउना साथ फरक-फरक चराको आवाज निकालेर आफू जोगिन्छ । अरू चरालाई जिस्क्याउन पनि उसको आवाज नक्कल गरेर निकाल्छ । आफनो साथी आयो भनेर अरू चरा भिमराज चिवेनिर पुग्छन् ।

१४ वटासम्म फुल पार्ने चरा

नेपालमा पाइने चरा कपिन्जल तित्राले सबैभन्दा बढी १४ वटासम्म फुल पर्छ । बढी फुल पारे पनि ७र८ वटासम्म बचेरा हुर्काउने सक्छ । वयस्क गिद्धले एउटा फुल पार्छ ।

चरा सिकार गर्ने सुपर्ण महाचील

सुपर्ण महाचीलले सारस प्रजातिमा पर्ने कर्याङ-कुरुडको सिकार गर्छ । उच्च हिमशृंखला हुँदै बसाइसराइ गर्ने क्रममा उत्तरबाट आउने कर्याङ-कुरुङ ढुकेर बस्छ । समूहमा आउने कर्याङ-कुरुडलाई उड्दाउड्दै सुपर्ण महाचीलले घाइते बनाई ढाल्छ र आहार बनाउँछ । जाडोका बेला कर्याङ-कुरुङ बसाइ सर्ने क्रममा चीन र रुसबाट नेपाल, भारततिर आउँछन् । कर्याङ-कुरुङ सारस प्रजातिमा पर्ने ठूलो चरा हो ।

साभारः कान्तिपुर (आश्विन २८, २०७४) मा प्रकाशित मनोज पौडेलद्वारा डा. हेमसागर बरालसँग गरिएको कुराकानीका अंशहरु ।



✍ कञ्चन न्यौपाने, कक्षा-६

वातावरण

बन जङ्गल, पाखा पखेरा कति सुन्दर
चरा, चुरुङ्गी रमाउछन् खुसी भएर ॥
हिमालय श्रृङ्खला विदेशीको गन्तव्य
नेपाल विश्वको नागरिकको आकषर्क गन्तव्य ॥१॥

सगरमाथाको सिर हाम्रो कती सुन्दर
माच्छापुच्छ्रे, फेवाताल हाँस्छ हिमाल ॥
गैडा हात्ती, वाघ, मृग जनावर कति कति
स्वच्छ हावा, हरीयाली वातावरण सुन्दर अति ॥२॥

कुहु ..... कुहु .... कोइलीको स्वरसँगै
डाँफे, मयुर, हाब्रे नाच्छन् रमाई ॥
विश्व मान चित्रमा यही हो हाम्रो कमाई
सगरमाथाको देश हाम्रो सुन्दर रमाई ॥३॥

वन्यजन्तु सिकार कति जायज ?



✍ कमलजंग कुँवर
प्रमुखः शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज

वैदिक साहित्य वेदमा मानव समाजलाई दिएको एउटा मुख्य सन्देश हो- 'अहिंसा परमो धर्म ।' अर्थात हत्या नगर्नु नै मानवको सबैभन्दा ठूलो धर्म हो । त्यस्तै 'मां हिंस्यात सर्वभूतानि' पनि भनिएको छ जसको अर्थ हुन्छ- कुनै पनि प्राणीको हत्या नगर । श्रीमद्भगवद्गीता (१५.७)मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ- ममैवांशो जीवलोके जीवभूतः सनातनः यस भौतिक जगतका जति प्राणी छन्, ती सबै मेरा सानो अंश हुन् । यसरी हेर्दा हामी हरेक जीव एकअर्काका दाजुभाइ, दिदीबहिनी, साथीभाइ, इष्टमित्र नै हौं । अनि हामी कसरी आफ्नो परिवारका सदस्य मार्न सक्छौं ? त्यस्तै भगवान् गौतम बुद्धले कलि युगमा अत्यधिक हिंसा गरेको देखेर 'सदया हृदयाः' भन्नुभएको छ । उहाँलाई हृदयमा ठूलो दया आयो र त्रिपिटकमा प्राणी मात्रको रक्षा गर अर्थात प्राणीको हत्या नगर भन्नुभएको छ । जेसस क्राइस्टले पनि बाइबलमा 'तिमी हत्या नगर' भन्ने निर्देशन दिनुभएको छ । विश्वमा जबसम्म जेसस क्राइस्ट, गौतम बुद्ध र वेदको निर्देशनबमोजिम प्राणीको हत्या रोकिँदैन तबसम्म जतिसुकै प्रयत्न गरे पनि शान्ति कायम हुन सक्दैन । नत्र किन अमेरिकामा हरेकजसो वर्ष बन्दूकधारीको आक्रमणमा परी स्कुले बालबच्चाको कत्लेआम हुन्थ्यो त ?

श्रीमद्भागवतम्मा प्राणीमात्रको रेखदेख गर्नु मानवताको महान् कर्म भनिएको छ । हिंस्रक जनावरको संख्या वृद्धि भएर धनजनको क्षति हुनबाट जोगाउनका लागि राजाहरूले सिकार खेल्ने व्यवस्थाबारे वैदिक साहित्यमा उल्लेख छ । कुनै पनि राजाको कर्तव्य हुन आउँथ्यो कि जनावरबाट आफ्ना प्रजाको कुनै क्षति हुन नदिनु । राजाको दायित्व हो कि प्रजाको धनजनको रक्षाका लागि हिंस्रक जनावरको सिकार गरेर तिनको संख्या नियन्त्रण गर्नु । तर श्रीमद्भागवतम्मा यो पनि भनिएको छ- राजाले पशु हत्या गरेको अपराधमा सजाय पाउने कुरा अकाट्य छ र यो अपराध कसैले रोक्न सक्दैन ।

नेपालमा हाल हिंस्रक वन्यजन्तुको नियन्त्रण गरी धनजनको क्षति हुनबाट रोक्नका लागि बहुलाएको हात्ती र मान्छे खान पल्केको बाघलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० (क) र (ख) बमोजिम तोकिएको अधिकारीको आदेशले मार्न, पक्रन वा लखेट्न सकिनेछ भन्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २१ मा आफ्नो वा अरु कुनै व्यक्ति वा घरपालुवा जनावरको बचावटका लागि अन्य कुनै विकल्प नभएमा हातहतियार प्रयोग गर्दा कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा कसुर मानिने छैन भन्ने व्यवस्था छ । ऐनको दफा १० बमोजिम तोकिएको अधिकारी को हो त ? स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(४) मा प्रमुख जिल्ला अधिकारी (सिडियो) ले बाघ, चितुवा वा अन्य हिंस्रक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा नगरपालिका वा गाउँ विकास समितिले प्रतिवेदन गरेमा सो जनावर मार्न लगाई वा वन तथा भूसंरक्षण मन्त्रालयले निर्देशन दिएबमोजिम गर्नुपर्नेछ भन्ने व्यवस्था छ । सोबमोजिम धनजनको सुरक्षाका लागि सिडियोले उक्त वन्यजन्तु मार्न आदेश दिन सक्छ । तर श्रीमद्भागवत्ममा धनजनको क्षति हुनबाट रोक्नु

सिडियोको दायित्व हो, उसले यो कर्तव्य पालन गर्नैपर्छ तापनि पशु हत्या गर्न आदेश दिएका कारण आदेश दिने सिडियोले अनिवार्यरूपमा सजाय पाउँछ भनिएको छ ।

प्रसङ्ग कञ्चनजङ्घा संरक्षण क्षेत्रमा सिकार खेल्न अनुमति दिने सम्बन्धमा केन्द्रित छ । डब्लुडब्लुएफले कञ्चनजङ्घाको स्थापना र व्यवस्थापनमा ठूलो मेहनत र लगानी गरेको छ । तर अहिले यसको व्यवस्थापनमा एकातिर डब्लुडब्लुएफले हात झिकिदियो भने अकोतिर नेपाल सरकारले अरु संरक्षित क्षेत्रमा करोडौ बजेट विनियोजन गर्ने गरेको छ तर कञ्चनजङ्घा संरक्षण क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न व्यवस्थापन समितिलाई यथेष्ट बजेट विनियोजन गर्ने चासो दिएको छैन । संरक्षण क्षेत्र सञ्चालन गर्नका लागि बजेट अभाव भएको भन्ने बहानामा नाउरको सिकार गर्न दिने तयारी भइरहेको सञ्चारमाध्यममा आइरहेका छन् । यसको मारमा हिउँ चितुवाको आहार नाउरले भोग्नुपर्ने अवस्था सिर्जेको छ । यो पनि कुनै स्वार्थी सिकारी ग्याङको योजना होला । नत्र बुद्ध र पशुपतिनाथको देशमा बुद्धिस्टहरूको बाहुल्य रहेको ताप्लेजुङको उत्तरी भेगमा र कञ्चनजङ्घाको फेदीमा हिउँ चितुवाको मुख्य आहार नाउरको सिकार गर्ने अनुमति दिने तयारी कसरी हुन्थ्यो ?

यदि वर्षमा ८-१० वटा नाउर सिकार गराएर आर्थिक समृद्धि हुने भए ढोरपाटन सिकार आरक्ष स्थापना भएको ३० वर्ष पुगिसक्यो । त्यहाँ नाउर सिकारबाट सरदर वर्षमा २०-४० लाख कमाएर त्यस ठाउँको प्रगति हुने भएदेखि ढोरपाटन सिकार आरक्ष वरपरका स्थानीय बासिन्दाको आर्थिक अवस्थामा कायापलट हुनुपर्ने होइन र ? बरु चितवन राष्ट्रिय निकुञ्ज र अन्नपूर्ण संरक्षण क्षेत्रवरपरका बासिन्दाको आर्थिक अवस्था सुधारमा पर्यापर्यटनको कारण ठूलो टेवा पुगेको छ । ढोरपाटनमा आउने पर्यटकको वार्षिक संख्या १०० भन्दा कम हुन्छ भने अन्नपूर्ण संरक्षण क्षेत्रमा वार्षिक लाखौंको संख्यामा पर्यटक ओइरिन्छन् किन ? यसबाटै थाहा हुन्छ कि सिकार खेल्न दिँदैमा न पर्यटक ओइरिन्छन् न त यो आम्दानीको राम्रो बाटो नै बन्न सक्छ ।

विश्वमा मध्यएसियाका १२ देश अफगानिस्तान, भुटान, भारत, काजकिस्तान, क्रिगिस्तान, ताजकिस्तान, उज्वेकिस्तान, रसिया, नेपाल, मंगोलिया, चीन र पाकिस्तानका हिमाली क्षेत्रमा मात्र जम्मा ४५१०-७३५० वयस्क हिउँ चितुवाको रेकर्ड गरिएको छ । नेपालमा पनि से-फोक्सुण्डो र सगरमाथा राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण र कञ्चनजङ्घा संरक्षण क्षेत्रमा गरेर जम्मा ३००-४०० को संख्यामा हिउँ चितुवा पाइन्छन् । जलवायु परिवर्तन, आहारा प्रजातिको कमी, प्रतिशोधात्मक हत्या, चोरी सिकार नै चितुवा संरक्षणका मुख्य समस्या हुन् । अनुसन्धानकर्ता र संरक्षणविद्ले के भनेका, लेखेका छन् भने जहाँ जहाँ नाउर जान्छ, हिउँ चितुवा पनि त्यतै त्यतै बसाइँ सर्छ । हिउँ चितुवा नाउरको पछि पछि लाग्छ, जसरी भेडी गोठालो चौरी र भेडाको पछि लाग्छ । किनकि उसको मुख्य आहार प्रजाति नै नाउर हो । तर अहिले हामी त्यही नाउर मार्ने अनुमति दिएर दुर्लभ जनावर संरक्षण गर्ने घोषणामा रमाइरहेका छौं । यो बाझिने नीतिले कतै हामीलाई नै जिस्काइरहेको त छैन ? महसुस हुने कहिले ?

नेपाल जस्तो भौगोलिक अवस्थिति रहेको देशमा हिउँ चितुवाको संरक्षणले अहं भूमिका खेलेको हुन्छ । हिमाली भूभागको वातावरणीय सन्तुलन कायम गर्न यो जनावरको उपस्थिति नै पहिलो शुभसंकेत हो । यदि हिमाली क्षेत्रमा हिउँ चितुवा देखिन छाड्यो भने त्यहाँको वातावरणीय असन्तुलनको नकारात्मक असरबाट केवल हिमालमात्र होइन, पहाड र तराई पनि अछूतो रहन सक्दैनन् । यो कुरा बुझ्ने र बुझाउने





कसलाई ? यो देशका नेता र योजनाकार यस्तो महत्वपूर्ण कुरा बुझ्नै खोज्दैनन् । वातावरण विनाश भयो भने तिम्रो भौतिक समृद्धिले केही हुनेवाला छैन भन्ने कुरा कसरी सम्झाउने ? २/४ लाखको लोभमा र केही मानिसको सौख र मनोरञ्जन अनि जिब्रोको स्वादका लागि हामी हाम्रो सम्पदा विनाश गर्ने बाटोतर्फ लागिरहेका छौं । आफ्नै खुट्टामा बन्चरो हान्दैछौं । जसरी चुरे विनाश गरेर अहिले पछुताउनुपरेको छ । यो कुरा मनन गर्ने कसले ?

पशुपतिनाथ पशुहरूका पति हुन् । उनले कसरी आफ्ना सन्तति मारिएको सहन सक्छन् ? पशुपतिनाथले रक्षा गरुन् भनेरमात्र हुँदैन, उनको निर्देशन पनि पालना गर्नुपर्छ। गौतम बुद्धको देश भनेरमात्र हुँदैन बुद्धको निर्देशन अक्षरशः पालना गर्नुपर्छ । नत्र बुद्धको के तात्पर्य, बुद्धको आदेशको के अर्थ ? पशु हत्या गरेर समृद्धि खोज्नु मृगमरीचिकाजस्तै हो । बुद्ध र पशुपतिनाथको देशमा जबसम्म पशु हत्या हुन्छ तबसम्म देशमा शान्ति आउँदैन । सबैले बुझे हुन्छ ।

साभारः १८ चैत २०७३, अन्नपूर्ण पोस्ट

जलवायु परिवर्तन के हो ?

समयको अन्तरालमा पृथ्वीको वायुमण्लको तापक्रम, हावाको बहाव र बर्षातमा हुने घटबढको कारण पृथ्वी तथा यसको कुनै भागमा औसत मौसममा हुने महत्वपूर्ण परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ ।

जलवायु परिवर्तन किन भै रहेको छ ?

कलकारखानाबाट निस्किएको धुवँ, मोटरगाडीको धुवँ, धुलो तथा वनजंगलको विनासका कारणले गर्दा वायुमण्डलमा कार्वनडाइअक्साइड तथा अन्य प्रदूषक ग्यासको मात्रामा वृद्धि हुन्छ । यो वृद्धिले गर्दा सूर्यको पृथ्वीमा परेको ताप परावर्तित हुने प्रक्रियामा रोकावट हुन्छ । जसले गर्दा पृथ्वीको तापक्रम वृद्धि भइरहेको छ ।

जलवायु परिवर्तनका मुख्य असरहरु के के रहेका छन् ?

- जैविक विविधतामा नकारात्मक प्रभाव पार्ने ।
- अतिवृष्टि, अनावृष्टि र हुरीबतास चल्ने ।
- बाढी, पहिरो, मरूभूमिकरण, भूक्षय एवं अम्ल मिश्रित वर्षा हुने आदि ।
- गर्मी र न्यानो रातहरूको संख्या बढ्दै जानु ।
- भूमिगत जल स्रोत तथा नदी र खोलानालामा पानीको बहावमा कमी ।
- हिमाली भेगमा हिमनदीहरु खुम्चिदै जानु ।
- विभिन्न किसिमका महामारी रोगहरु बढनु ।
- समुन्द्रतटीय एवं टापु राष्ट्रहरू डुवानमा पर्न सक्ने ।

जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन के हो ?

हरितगृह ग्याँस उत्सर्जन कटौती गरेर वा वायुमण्डलमा भएको अधिक कार्वनलाई यथा अवस्थामा ल्याउने काम गरेर वायुमण्डलमा थप हरितगृह ग्याँस उत्सर्जन हुनबाट रोक्ने कार्य नै न्यूनीकरण हो ।

जलवायु परिवर्तनका कारण आइपरेका र आउनसक्ने समस्याहरूप्रति चनाखो भई सोही अनुरूप नै आफ्नो जीवनयापनमा परिवर्तन ल्याउने उपायको अवलम्बन नै जलवायु अनुकूलन हो ।

विद्यार्थीका चित्रकलाहरु













पुरानो गुह्रेश्वरी मा.वि.मा भएका कार्यक्रमका झलक



वन्यजन्तु संरक्षणबारे सचेतना कक्षा



संरक्षणसम्बन्धी वतृत्वकलामा सहभागी



हरियाली रक्षक पत्रिकासँग विद्यार्थी



वृक्षारोपण कार्यमा सहभागीहरू



वृक्षारोपण कार्यमा प्र.अ.सहित अन्य



हरियाली रक्षक पत्रिका पाएपछि फोटो खिचाउँदै

नेपाली नोटमा जनावरका चित्र

Neplalese Notes among world's most beautiful; represents animal---The Telegraph



Photos : Google